प्रमाणित

बीर बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

# लिसखु पाखर गाउँपालिकाको आयोजना अनुगमन, मुल्याङ्कन तथा फरफारक कार्यविधि, २०८२

**स्वीकृत मितिः** २०८२/१२/२७ गते

**प्रस्तावना**

यस लिसखु पाखर गाउँपालिकाबाट सम्पादन एव संचालित आयोजना तथा निर्माण कार्यलाई प्रभावकारी अनुगमन निरीक्षणको माध्यमबाट पारदर्शी, दीगो र जनसहभागिता मूलक बनाई सुशासन प्रवर्द्धन गर्दै नतिजामुखी कार्य गर्न वाञ्छनीय देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि पारित गरी लागू गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधीको नाम "लिसखु पाखर गाउँपालिकाको आयोजना अनुगमन, मुल्याङ्कन तथा फरफारक कार्यविधि २०८२" रहेको छ।

(२) यो कार्यविधी कार्यपालिकाबाट पारित भएको मितिदेखी लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, (क) "कार्यविधि" भन्नाले लिसखु पाखर गाउँपालिकाको अनुगमन, मुल्याङ्कन तथा फरफारक कार्यविधि, २०८२ लाई सम्झनु पर्दछ।

(ख) "गाउँपालिका" भन्नाले लिसखु पाखर गाउँपालिकालाई सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले लिसखु पाखर गाउँकार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "आयोजना तथा निर्माण कार्य" भन्नाले लिसखु पाखर गाउँपालिकाबाट संचालन भई भुक्तानी हुने विकास आयोजना तथा भौतिक निर्माण कार्य सम्झनुपर्दछ।

(ङ) " अनुगमन तथा मुल्याङ्कन " भन्नाले आयोजना तथा निर्माण कार्यमा लगानी तथा साधनको प्रवाहः समुचित प्रयोग भएको छ/छैन, कार्यतालिका अनुसार क्रियाकलापहरू कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल भएको छ/छैन, आयोजना तथा निर्माण कार्यले निर्दिष्ट गरेको लक्ष्य हासिल गरको छ/छैन, गुणस्तर सन्तोषजनक छ/छैन लगायतका विषयमा भनी गाउँकार्यपालिकाद्वारा तोकिएका पदाधिकारी तथा कर्मचारीहरूद्धारा निरन्तर र आवधिक रुपमा निगरानी राखि प्रतिवेदन गर्ने कार्यलाई सम्झनु पर्छ।

(च) "मुल्याङ्कन" भन्नाले कार्यान्वयन गरिएका योजना, आयोजना तथा निर्माण कार्यहरू हालको समयमा के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा के-कस्ता उपलब्धी एवं प्रभावहरू हासिल भएका छन भन्ने कुराको प्राविधिक कर्मचारीबाट स्थलगत नापजाँच गरी लेखाजोखा गर्ने कार्य सम्झनु पर्छ।



लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अंतरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

(छ) " अनुगमन तथा मुल्याङ्कन समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित गाउँपालिकास्तरको अनुगमन तथा मूल्यांकन समिति सम्झनु पर्दछ । सो शब्दले दफा ३ को उपदफा (२) बमोजिम गठित वडास्तरको अनुगमन तथा मूल्याङ्कन समिति समेतलाई जनाउँछ ।

(ज) "फरफारक समिति" भन्नाले दफा ४ को उपदफा (१) बमोजिम गठित आयोजना तथा निर्माण कार्य फरफारक समिति सम्झनुपर्दछ ।

**३. अनुगमन तथा मुल्याङ्कन समितिः**

(१) गाउँपालिकामा सञ्चालित आयोजना तथा निर्माण कार्यहरूलाई नतिजामुखी बनाउन गाउँपालिका स्तरमा गाउँपालिका उपाध्यक्ष ज्यूको संयोजकत्वमा देहायका सदस्यहरू रहेको एक अनुगमन तथा मूल्याउन समिति रहने छ :

(क) गाउँपालिकाको उपाध्यक्षः संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत: सदस्य

(ग) कार्यपालिकाले मनोनयन गरेको एक जना महिला कार्यपालिका सदस्य १ जनाः सदस्य

(घ) सम्बन्धित वडाको वडाअध्यक्षः सदस्य

(ङ) पुर्वाधार विकास समितीको संयोजक वा सदस्य: सदस्य

(च) सम्बन्धिय आयोजना हेर्ने प्राविधिक: सदस्य

(छ) पुर्वाधार विकास /योजना शाखाका प्रमुख: सदस्य सचिव

(२) वडामा सञ्चालित आयोजना तथा निर्माण कार्यलाई प्रभावकारी ढंगले सञ्चालन तथा कार्यान्वयन गर्न वडा अध्यक्षको संयोजकत्वमा देहायका सदस्यहरू रहेको एक अनुगमन तथा निरीक्षण समिति रहनेछ ।

(क) वडा अध्यक्ष: संयोजक

(ख) वडा समितिले मनोनयन गरेको एक जना महिला सदस्य: सदस्य

(ग) वडा सचिवः सदस्य सचिव

**४. आयोजना फरफारक समितिः**

(१) गाउँपालिका स्तरमा गाउँपालिकाको अध्यक्षको संयोजकत्वमा देहायका सदस्यहरू रहेको एक आयोजना फरफारक समिति रहनेछः

(क) गाउँपालिकाको अध्यक्षः संयोजक

(ख) कार्यपालिकाले मनोनयन गरेको एक जना वडा अध्यक्ष/कार्यपालिका सदस्यः सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको गाउँपालिकाको अधिकृतस्तरको कर्मचारी १ जनाः सदस्य सचिव

**५. अनुगमन तथा मुल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः**

(१) दफा ३ को उपदफा १ बमोजिम गठित गाउँपालिका स्तरको अनुगमन तथा मुल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित वा आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने।

(ख) ड्रइङ्ग डिजाइन स्टिमेट बमोजिम निर्माण कार्य भइ रहे नरहेको भन्ने सम्बन्धमा प्राविधिक कर्मचारीबाट यकिन गर्ने।

(ग) गुणस्तरिय निर्माण सामाग्री प्रयोग भइ रहे नरहेको भन्ने सम्बन्धमा प्राविधिक कर्मचारीबाट यकिन गर्ने।

(घ) योजना तथा निर्माण कार्य सञ्चालनको क्रममा गाउँ सभा तथा गाउँकार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने।

(ङ) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरू उचित ढंगले व्यवस्थापन गर्ने।

(च) अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन योजना फरफारक समिति वा गाउँ कार्यपालिकाको बैठक समक्ष पेश गर्ने।

(ज) प्राविधिक सहितको टोलीवाट स्थलगत निरीक्षण र नापजाँच गरी गराइ भुक्तानी सिफारिस गर्ने।

(२) दफा ३(२) बमोजिम गठित वडास्तरको अनुगमन तथा निरीक्षण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:

(क) वडास्तरमा सञ्चालन हुने योजना तथा कार्यक्रमको नियमित वा आवधिक अनुगमन तथा निरीक्षण गर्ने।

(ख) योजनाको सम्झौता बमोजिम काम सुरु भए नभएको र कार्यतालिका अनुसार प्रगति भए नभएको यकिन गर्ने।

(ग) उपभोक्ता समिति वा निर्माण व्यवसायीलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने।

(घ) योजना सम्पन्न भएपछि सोको गुणस्तर र परिमाण जाँच गरी भुक्तानीका लागि सिफारिस गर्ने।

(ङ) अनुगमनको क्रममा देखिएका समस्याहरू समाधानका लागि पहल गर्ने र समाधान हुन नसके गाउँपालिका स्तरीय समितिमा जानकारी गराउने।

वीर बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

**६. अनुगमन तथा मुल्याङ्कन समिति तथा फरफारक समितिका पदाधिकारीहरूको सेवा सुविधाः**

(१) दफा ३(१) बमोजिम गठीत अनुगमन तथा मुल्याङ्कन समिति र दफा ४ बमोजिम गठीत फरफारक समितिको बैठक भत्ता प्रति बैठक प्रति व्यक्ति रु. १,००० प्राप्त हुनेछ र सोको लागी बैठकको निर्णयको प्रतिलिपि संलग्न गरिनु पर्नेछ।

(२) बैठक भत्तामा १५ प्रतिशतका दरले करकट्टी गरिनेछ।

(३) मासिक इन्धन सुविधाः अनुगमन समितिले प्रयोग गरेको चारपाङ्गे सवारिका लागी ईन्धन वापत प्रति महिना ३० लिटर डिजेल/पेट्रोल उपलब्ध गराइनेछ। योजना अनुगमनकाको चापलाई मध्येनजर गर्दै कुल तिन(३) महिना बराबरको मात्र इन्धन खर्च उपलब्ध गराइनेछ। सोको लागी प्रमाणित लगबुक र अनुगमनमा प्रयोग भएको प्रमाण पेश गर्नुपर्नेछ।

(४) अनुगमन तथा मुल्याकन कार्यमा खटिने पदाधिकारी तथा कर्मचारीहरुलाई मौसम अनुकुलको बुट, रेनकोट, छाता, ट्रायसुट लगायतका जिन्सी सामग्रीहरु कार्यालयले खरीद गरी उपलब्ध गराउँन सक्नेछ।

(५) अनुगमन निरीक्षणमा प्रयोग भएको चार पाङ्गे सवारीका लागी मर्मत खर्च उपलब्ध गराउँन सकिनेछ। सोको लागी प्रमाणित लगबुक र अनुगमनमा प्रयोग भएको प्रमाण पेश गर्नुपर्नेछ।

(६) यस कार्यविधि बमोजिम प्रदान गरिने सम्पुर्ण सेवा सुविधाहरु स्विकृत वार्षिक कार्यक्रम तथा कन्टिन्जेन्सी वापतको खर्च शिर्षकबाट भुक्तानी गरिनेछ।

(७) यस दफा बमोजिम सुविधा भुक्तानी गर्दा बैठक निर्णय एव अनुगमन तथा मुल्याकन/फरफारक प्रतिवेदन पेश गर्नुपर्नेछ।

७. समितिको प्रतिवेदनः

(१) दफा ३ को उपदफा (१) बमोजिम गठित अनुगमन निरीक्षण समितिले अनुसूचि १ बमोजिमको ढाँचामा अनुगमन तथा मुल्याङ्कनको लागि स्थलगत अवलोकन निरीक्षण र आवश्यकता अनुसार नापजाँच गरी गराइ समितिको बैठक बसी फरफारक समिति वा गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(२) दफा ४ बमोजिम गठित योजना फरफारक समितिले अनुसूचि २ बमोजिमको ढाँचामा प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ।

(३) फरफारक समितिले आवश्यक देखेमा उक्त प्रतिवेदन कार्यपालिकाबाट अनुमोदन गराउन सक्नेछ।

(४) अनुगमन तथा मुल्याकन समिति र फरफाराक समितिको निर्णयप्रति समितिका सदस्यहरू सामूहिक रुपमा कार्यपालिका तथा गाउँ सभाप्रति उत्तरदायि हुनका साथै योजना भुक्तानी र फरफाराक सम्बन्धी कार्यको लागि जवाफदेहिता वहन गर्नु पर्नेछ।

८. प्रतिवेदन पेश गर्ने अवधिः

(१) दफा ३ को उपदफा (१) बमोजिमको समितिले अनुसूचि १ बमोजिमको प्रतिवेदन अनुगमन निरीक्षण गरेको दोश्रो महिनाको पहिलो गाउँकार्यपालिका बैठक समक्ष या लगतै बस्ने फरफारक समितिको बैठकमा पेश गर्नेछ।

(२) दफा ४ बमोजिमको समितिले अनुसूचि २ बमोजिमको प्रतिवेदन आवश्यकता अनुसार तयार गरी गाउँकार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ।

९. आयोजना फरफारक समितिको काम, कर्तव्य र अधिकार :

(१) दफा ४ बमोजिम गठित फरफारक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिका तथा वडास्तरिय अनुगमन निरीक्षण समितिबाट प्राप्त प्रतिवेदनको आधारमा आयोजनाहरूमा विनियोजित रकम पूर्ण रुपमा वा आंशिक रूपमा भुक्तानी दिने वा भुक्तानी नदिने सम्बन्धमा निर्णय गरी फरफारकाका लागि गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने।

(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा गाउँ सभा तथा गाउँकार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने।

(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरू उचित ढंगले व्यवस्थापन गर्ने।

(घ) गाउँ सभा, गाउँ कार्यपालिका तथा गाउँपालिका प्रमुखले तोकेका अन्य कार्यहरू गर्ने।

१०. आयोजना तथा कार्यक्रमको भुक्तानी सम्बन्धमाः

(१) अनुगमन तथा मुल्याकन समितिको सिफारिस एव आवश्यक कागजातहरू पेश भएपछि प्रमुख प्रशासकीय अधिकृतले भुक्तानी प्रक्रिया अगाडि बढाउनु पर्नेछ।

११. खारेजी र बचाउः

(१) यो कार्यविधि लागू हुनुभन्दा अगावै गाउँ कार्यपालिकाबाट भएका निर्णयहरू तथा आयोजनासँग सम्बन्धित कामकारवाहीमा दुविधा उत्पन्न भएमा वा कार्यविधिसँग बाझिएमा यसै कार्यविधि बमोजिम हुनेछ। तर गाउँ सभाको निर्णयसँग बाझिएको खण्डमा गाउँ सभाको निर्णय बमोजिम हुनेछ।

(२) यस कार्यविधि बमोजिम समितिका पदाधिकारीले असल नियतले गरेका कार्यहरूको बचाउ गर्न बाधा पुगेको मानिने छैन।

१२. बाधा अड्काउ फुकाउने अधिकारः

बीर बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

(१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्नेछ।

आज्ञाले,
बीर बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची- १

(दफा ३ को उपदफा १ सँग सम्बन्धित)

**लिसंखु पाखर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**अत्तरपुर, सिन्धुपाल्चोक,बागमती प्रदेश, नेपाल**

**गाउँपालिका स्तरीय योजना अनुगमन निरीक्षण समितिको प्रतिवेदन**

यस लिसंखु पाखर गाउँपालिकाको गाउँसभाले पारित गरेको गाउँपालिका भित्र संचालन हुने तपशिल बमोजिमको आयोजना फरफारक गरी भुक्तानी गरिनु पूर्व गाउँपालिकाको आयोजना अनुगमन तथा मुल्याकन समितिले आयोजनाको अनुगमन गरी पेश गरेको प्रतिवेदन।

**आयोजनाको दर्ता नाम/दर्ता नंः** ...........................................................

**आयोजना अनुगमन मितिः** ............................................................

**आयोजना कार्यन्वयन स्थलः** लिसखु पाखर गाउँपालिका वडा नं.: ...........

**कुल लागत (जनश्रमदान सहित) रकम रु.:** .....................................

**प्रस्तावः उपर्युक्त आयोजनाको अनुगमन सम्बन्धमा ।**

**निर्णयः** उक्त प्रस्ताव माथि छलफल गर्दा सो आयोजनाको आयोजना अनुगमन तथा मुल्याकन समितिले फिल्ड अनुगमन गर्दा प्राविधिकको बिल बमोजिमको कार्य सम्पन्न भइ सकेको तथा निम्न बमोजिमका कागजातहरू प्राप्त भइसकेको देखिन आएको र प्राविधिक ड्रविङ्ग, डिजाईन, लागत अनुमान बमोजिम नै काम सम्पन्न भएको देखिएकोले रकम फरफारकका लागि गाउँपालिकाको कार्यालय समक्ष फरफारक एवं भुक्तानीका लागि पेश गर्ने निर्णय गरियो ।

**प्रतिवेदकः**

| क्र.स. | नाम थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | संयोजक | | |
| २ | | सदस्य | | |
| ३ | | सदस्य | | |
| ४ | | सदस्य | | |
| ५ | | सदस्य | | |
| ६ | | सदस्य | | |
| ७ | | सदस्य | | |

कैफियतः ................

वीर बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

बीर बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची- २
(दफा ४ को उपदफा १ सँग सम्बन्धित)

## लिसंखु पाखर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक,बागमती प्रदेश, नेपाल

## आयोजना फरफारक समितिको प्रतिवेदन

यस लिसखु पाखर गाउँपालिकाको गाउँसभाले पारित गरी आर्थिक वर्ष ................................. मा गाउँपालिका भित्र संचालन भएका तपशिल बमोजिमका योजना फरफारक गरी भुक्तानीको लागि स्वीकृत गरिएको प्रतिवेदन।

| सि.नं. | योजना दर्ता नं. | योजनाको नाम ठेगाना | विनियोजित रकम रु. | बिलको रकम रु. | भुक्तानीको लागि स्वीकृत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

**प्रस्ताव**: उपर्युक्त योजनाको फरफारक गरी भुक्तानी गर्ने सम्बन्धमा।

**निर्णय**: उक्त प्रस्ताव माथि छलफल गर्दा माथि उल्लेखित बराबरको रकम भुक्तानी दिन मुनासिव रहेको देखिन आएकोले भुक्तानीको लागि सिफारिस गर्ने निर्णय गरियो।

**समितिका पदाधिकारीहरू**:

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | संयोजक | |
| २ | | सदस्य | |
| ३ | | सदस्य | |

लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३